प्रदेश सरकार

लुम्बिनी प्रदेश

कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

## प्रस्ताव आहानको सूचना

सूचना नं. ०७८/७९/१३ दोस्रो पटक प्रकाशित मिति: २०७८/१२/३०

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ.व. २०७८/७९को तपसिल बमोजिमको स्वीकृत वार्षिक कार्यक्रम संचालन गर्न प्रथम पटक मिति २०७८/१२/१४ गते सूचना प्रकाशन गर्दा माग वमोजिम प्रस्ताव नआएकोले लक्षित वर्गले आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले ७ दिन (२०७९/०१/०६ गते) भित्र यस कार्यालयमा तोकिएको ढाँचामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका आवेदनहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ।

तपसिल :

| क.स. | कार्यक्रमको नाम | न्यूनतम मापदण्ड | संचालन गर्ने क्रियाकलाप | कार्यक्रम संचालन हुने स्थान | आवेदकको किसिम | अनुदानको सिमा | स्वीकृत बजेट रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक निजि साझेदारीमा शहिद, द्वन्द्व पीडित, पूर्व जनमुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्बासी समुदायका लागि कृषि उत्पादनमूलक रोजगार कार्यक्रम | • सम्वन्धित कार्यालय (मन्त्रालय संवैधानिक निकाय, जिल्ला प्रशासन कार्यालय, स्थानिय तह लगायतका कार्यालय) बाट शहिद, द्वन्द्व पीडित, पूर्व जनमुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्बासी समुदाय प्रमाणित प्रमाणपत्रको प्रतिलिपि<br>• गाई/भैंसीको हकमा दुहुना पशु २ वटा<br>• भेंडा, बाख्रा तथा बंगुरको हकमा ५ वटा<br>• पंक्षीको हकमा १०० वटा<br>• माछाको हकमा २००-४०० वर्ग मिटर जलासयको योजना हुनुपर्ने | • पशुपन्छी तथा मत्स्यपालन व्यवसायको उत्पादन, प्रशोधन तथा बजारीकरका लागि सहयोग पुग्ने कार्यक्रम संचालन गर्ने | जिल्ला भरी | शहिद, द्वन्द्व पीडित, पूर्व जनमुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्बासी समुदाय | ८० % अनुदान वा प्रति योजना अधिकतम रु ८० हजार | ८ लाख |

**आवेदनका लागि आवश्यक कागजातहरु:**

१. अनुसुची- २ बमोजिम प्रस्तावको निवेदन तथा अनुसुची-४ बमोजिमको व्यवसायिक कार्ययोजना

२. प्रस्तावकको नागरिकताको प्रतिलिपि

३. सम्वन्धित स्थानीय तहको सिफारिस

४. जग्गाको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गाको हकमा १० वर्षको करारनामा

५. लक्षित वर्ग प्रमाणित हुने प्रमाणको प्रतिलिपि

यस सूचनाहरुमा आवश्यक बुदाहरु छुट हुन गएमा "कृषि तथा पशुपन्छी प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिवृद्धि कार्यविधि, २०७८" बमोजिम गरिने व्यहोरा अनुरोध छ। थप जानकारीको लागि कार्यालयको वेवसाइड http://rupandehi.vethos.gov.np तथा सूचना अधिकारी डा. प्रतिमा बिष्ट (९८४७९७६५७४) लाई सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

http://rupandehi.vethos.gov.np

१२/३०

पशु सेवा विकास अधिकृत



Scanned with CamScanner